# सामुदायिक वनः न्यायपूर्ण आन्दोलनको थलो

**गीता परियार**

गरिबीको कु-चक्रमा नपर्ने ग्रामीण नेपालीहरू त सायदै होलान्, त्यसमा पनि एक महिला, अझ दलित महिलाको अवस्था कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । गरिबीको वाध-पञ्जा र अर्कोतिर पितृसत्तात्मक हिन्दू धर्मको आडमा भएको शोषणले म जस्ता तमाम दलित महिलाहरू गाँजिएका छौं ।

म वाग्लुङ जिल्ला, राय डाँडा गा.वि.स.- ६, सिंगारकोट भन्ने ठाउँमा स्थायी बसोबास गरी बस्छु । पेशाले सिलाइ गरेर खानु पर्ने मेरो घरको आर्थिक अवस्था अत्यन्त दयनीय थियो । बाबु आमालाई सघाउँदै विष्टहरू कहाँ लुगा पुऱ्याउन जानु, बाली लिन जानु, चाडबाडमा आफ्नो भाग थाप्न जानुदेखि घरको बढार, कुँडार र मेलापात नै मेरो जीवनको दिनचर्या हुन्थ्यो । "अचानोलाई मात्र थाहा हुन्छ, खुकुरीको चोट" भने झैं गैर दलितलाई के थाहा दलित हुनुको पीडा । सामन्तहरूका घरमा गएर काम गरे वापत पाउने ज्याला पनि भिख मागेर लिनु पर्दाको पीडा, कक्षामा साथी भाइ र शिक्षकहरूद्वारा गरिने विभेदपूर्ण व्यवहारको पीडा र समाजमा गरिने सामाजिक विभेदको पीडालाई मुटु भरी राखेर पनि मैले पढ्नै पर्छ भन्ने आत्मबोधको कारण जेनतेन १० कक्षासम्म पढें ।

म भित्र जन्मिरहेको विद्रोह यदा कदा प्रकट हुन्थ्यो, सायद स्वभावैले म विद्रोही थिएँ । एक पटकको कुरा हो, म रोपाईंमा गएको बेला दिउँसो खान दिएको नास्ता मैले सबैलाई राखेको ठाउँबाट निकालेर खाँए । म दलित र अरु सबै गैर दलित थिए । मेरो दौंतरीका साथी संगीहरूले अरु बेला मसँगैं खान्थे तर त्यस दिन खाएनन् किनभने उनीहरूका बाबु आमाहरू पनि उक्त रोपाईंमा सामेल थिए । हाम्रो परिवेशमा मेलापात गर्दा त्यति साह्रो छोइ छिटो नगर्ने भएको हुँदा मैले नास्ता राखेको ठाउँबाट आफ्नो भाग झिक्न हिम्मत गरेकी थिएँ । त्यस दिन मैले श्रृंखलावद्ध शारीरिक र मानसिक यातना भोग्नुपऱ्यो । त्यस घटनाले पनि मेरो मानसपटलमा असमानताको विरुद्ध न्यायिक मोर्चा बनाउन मद्दत गऱ्यो ।

विभिन्न असमानताबाट गुज्रँदै जाँदा मेरो विवाह १७ वर्षको उमेरमा स्थानीय केटासँग भयो । यदा कदा हुने दलित आन्दोलनहरूमा आफ्नो सान्निद्धयता जनाउँदै न्याय र समानताको लामो अभियानमा कृत संकल्पित भएर लाग्ने प्रण पनि नगरेको त होइन तर पनि कसैकी छोरी, कसैकी श्रीमती, कसैकी बुहारी, कसैकी आमा हुनै पर्ने सामाजिक विवसता र आर्थिक अभावका कारण विस्तारै म आन्दोलनबाट विमुख हुँदै गएँ । मनको एउटा कुनामा आन्दोलनलाई थाँती राखेर म गृहिणी, बुहारी र आमा बन्दै गएँ । मेरो परिचय नै कसैकी श्रीमती, कसैकी बुहारी र कसैकी आमामा समय सापेक्ष परिवर्तन हुदै गएँ । म दुई छोराको आमा बनि सकेकी थिएँ यतिबेला ।

मन भित्र लुकेर बसेका विद्रोहका झिल्काहरू बेलाबेलामा उठ्ने गर्थे । यसै क्रममा पारीपाखा सामुदायिक वनमा आवद्ध हुने मौका पाएँ । म जस्ता शोषित, पीडित, दलित र किनारा लगाइएका अरु दिदी बहिनीहरूसँग सामुदायिक वनमा आवद्ध भएर काम गर्दा थाहा हुँदै गयो, मेरो जस्तो आर्थिक, सामाजिक, धार्मिक र राजनैतिक समस्या अरु दलित महिलाहरूलाई पनि रहेछ । जब सबैलाई उस्तै समस्या पर्छ त्यो साझा समस्या सवाल बन्ने गर्दो रहेछ । अहिले सामुदायिक वनमा गरिब, दलित, विपन्न र महिलाका साझा समस्यालाई सवाल बनाउँदै हामीले उठाउने गर्छौं । अझै थाहा भयो एक जनाको आवाज सुनिदैन तर धेरैको आवाज सुनिदो रहेछ । फलस्वरुप हाम्रो सामुदायिक वनमा अब

यस्ता साझा सवालहरू उठ्न थालेका छन् । यसै गरी उठ्दै गए भने तिनीहरूले एक दिन निकास पक्कै पाउँछन् भन्ने विश्वास पनि जाग्न थालेको छ ।

व्यक्तिगत कुरा गर्दा सामुदायिक वनको समूहमा सिकेको सिकाइले “हामीलाई एकजुट हुन सिकायो, आफ्ना कुराहरू राख्न सिकायो, समस्याको पहिचान गर्न सिकायो र एकजुट भएर एउटै आवाजमा बोल्दा नसुन्नेहरूले पनि सुन्दा रहेछन् भन्ने कुरा सिकायो ।” यसै क्रममा समूह परिचालन तालिममा सहभागी हुने अवसर पाएँ मैले । यसबाट झन समूहलाई कसरी सञ्चालन गर्ने, कसरी नेतृत्व गर्ने, कुराहरू कसरी उठाउने जस्ता विषयहरूमा अझ गहिरिएर सिक्ने मौका मिल्यो । यसरी समूहमा आवद्ध भएर काम गर्दा मन भित्र लुकेर बसेको म भित्रको क्रान्तिकारिता पनि प्रखर बन्दै गयो र म समग्र दलित आन्दोलनमा गोलबद्ध भएर न्याय र समानताको लागि आवाज उठाइ रहेकी छु ।

आज म एउटा कार्यक्रम अन्तर्गत महिला समूहको अध्यक्ष बनेकी छु । अब सामूहिक नेतृत्व, सामूहिक निर्णय, सामूहिक सहभागिता जस्ता विषयहरूको बारेमा पनि सिक्दै र जान्दै पनि गएकी छु । अनि यही सिकाइलाई संस्थागत स्वरुप दिन म जस्तै शोषित, पीडित, दलित महिलाहरूको साझा थलो “राय डाँडा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था” दर्ता गर्ने तरखर गरिरहेका छौं ।

दलित महिलाको अवस्था साँच्चै ज्यादै दयनीय छ । अतः दलित महिलाहरूको अवसरको खोजी गर्दै जीविकोपार्जन, आय आर्जन, चेतना अभिवृद्धि, निर्णायक तहमा दलित महिलाको पहुँच जस्ता साझा सवालहरूमा अब सामुदायिक वनमा एकरुपता ल्याएर यो तप्काको पक्षमा निर्णायक भूमिका खेल्नुपर्ने अहिलेको हाम्रो सामुदायिक वनको प्रमुख सवाल हो । सामुदायिक वनको सवलीकरणसँगै दलित आन्दोनलाई अगाडि बढाई न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न तर्फ ठोस कदम चाल्नु आजको आवश्यकता हो । समयले साथ दिएमा हाम्रो सामुदायिक वनलाई त्यस दिशातर्फ अग्रसर गराउन आफ्नो सिकाइ र पसिना नथाकुन्जेल खर्चनेछु भन्ने प्रण गरेकी छु ।

(लेखिका पारीपाखा सामुदायिक वनको उपभोक्ता हुनुहुन्छ ।)